# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान,२०८२ को अवसरमा बेसीशहर नगरपालिकामा सञ्चालन गरिएका कार्यक्रमहरुको

# संक्षिप्त प्रतिवेदन

## १.अभियानको पृष्ठभूमिः

मध्य अमेरिकी देश डोमिनिकन रिपब्लिकमा सन् १९३० देखि १९६१ सम्म तानाशाही ट्रुजेलो सरकार थियो ।तानाशाही सरकारको दमन खप्न नसकेर स्वतन्त्रता र मानव अधिकारको लागि तीन दिदीबहिनीहरुबाट त्यसको विरोध र प्रतिकार भयो । उनीहरुको नाम क्रमशः पाट्रिया,मिनेर्भा र मारिया टेरेसा थियो जसलाई हामी एकैसाथ मिराबल दिदीवहिनी भनेर चिन्ने गर्छौं । उनीहरुलाई सन् १९६० नोभेम्बर २५ का दिन तानाशाही ट्रुजेलो सरकारले मृत्युदण्ड दियो ।

महिलामाथिको हिंसा मानव अधिकारको गम्भिर उल्लंघन भएकोले नोभेम्बर २५ देखि अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० तारिखका दिनसम्म सञ्चालन हुने लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सन् १९९१ मा पहिलो महिला ग्लोवल लिडरसीप इन्स्टिच्युटबाट शुरु भएको एउटा अन्तर्राष्ट्रिय अभियान हो । पछि संयुक्त राष्ट्र संघको सन् १९९९ डिसेम्बर १७ को महासभाले नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको दिवस मनाउने र १६ दिने अभियानको रुपमा लैजाने निर्णय गरे पश्चात नेपाल सहित विश्वभर यो अभियान सञ्चालन हुँदै आएको छ । नेपालमा प्रत्येक वर्ष यस अभियानलाई सार्थक बनाउन सरकारी निकाय र गैर सरकारी संस्थाहरुबाट विभिन्न कार्यक्रम गरी मनाउने गरिएको छ । यस वर्षको राष्ट्रिय नारा "प्रविधिको सही प्रयोग गरौंः लैङ्गिक हिंसा अन्त्य गरौं" तथा अन्तर्राष्ट्रिय नारा "**U**NITE TO **E**ND **D**IGITAL **V**IOLENCE **A**GAINST **A**LL **W**OMEN AND **G**IRLS" भन्ने रहेको छ ।

## २. बेसीशहर नगरपालिकाको सन्दर्भः

बेसीशहर नगरपालिकाको आयोजनामा मिति २०८२ मंसिर ३ गतेका दिन नगरस्तरीय महिला सञ्जालको अध्यक्ष श्री मिना रावलको अध्यक्षतामा तथा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको विशेष उपस्थितिमा सञ्जालको बैठक बस्यो र यस बैठकले २०८२ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने निर्णय गर्यो र समन्वय बैठकको आयोजना गर्न नगरपालिकालाई अनुरोध गर्ने निर्णय गर्यो ।यसै वमोजिम २०८२ मंसिर ५ गतेका दिन नगरपालिकामा समन्वय बैठकको आयोजना गरियो र यस बैठकमा बेसीशहर नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला निकायहरु जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, सामाजिक विकास समिति, नेपाल पत्रकार महासंघ, महिला सञ्जाल, सञ्चारिक समुह, ग्रामीण सामुदायिक विकास केन्द्रका प्रमुख तथा प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो । यस बैठकले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा देहायका कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरेको थियो । साथै कार्यक्रमको लागि जिम्मेवारी समेत बाँडफाँड गरिएको थियो ।

(क) सचेतनामूलक र्‍याली र अभिमुखीकरण कार्यक्रम :

(ख) बक्तृत्वकला प्रतियोगिताः

(ग) साइबर सुरक्षा सम्बन्धी १ दिने अभिमुखीकरणः

(घ)लैङ्गिक हिंसा न्यूनीकरण लागि आत्मरक्षा सम्बन्धी अभिमुखीकरणः

(ङ)लैङ्गिक हिंसा सम्बन्धी परिसम्वाद कार्यक्रमः

(च)सूचनामूलक सन्देश, जिङ्गल, अन्तर्वार्ता जस्ता प्रचार सामाग्री प्रसारण/प्रकाशनः




अभियानको सन्दर्भमा बेसीशहरमा निकालिएको सचेतनामूलक र्‍याली

## ३. कार्यक्रमका उद्देश्यहरु

यस अभियानको सन्दर्भमा आयोजना गरिएका कार्यक्रमहरुको उद्देश्य देहाय वमोजिम रहेको थियो ।

**विशिष्ट उद्देश्यः**

विभिन्न कार्यक्रमहरु सञ्चालन गरी जनचेतनजा मार्फत लैङ्गिक हिंसा न्यूनीकरणमा योगदान पुर्याई समतामूलक समाज निर्माणमा योगदान दिने ।

**अन्य उद्देश्यहरु**

- लैगिक हिंसा विरुद्धको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियानलाई समुदायस्तरमा पुर्याई सफल बनाउने ।
- सरोकारवालाहरुलाई लैंगिक हिंसा न्यूनीकरणको सन्दर्भमा जानकारी हासिल गराउने ।
- प्रविधिको सही उपयोग मार्फत लैङ्गिक हिंसा रोकथाम र नियन्त्रण गर्ने ।
- महिला विरुद्ध हुने सवै प्रकारका हिंसा न्यूनीकरणमा सहयोग पुऱ्याउने ।
- बालिका र महिलाहरुको सशक्तिकरण गर्ने ।
- लैङ्गिक हिंसा न्यूनीकरणको लागि जनचेतना फैलाउने ।

## ४. सञ्चालित कार्यक्रमहरुको संक्षिप्त विवरणः

### ४.१ सचेतनामूलक र्याली र अभिमुखीकरण कार्यक्रमः

अभियानको पहिलो दिन अर्थात २०८२ मंसिर ९ गते विहान ११.०० बजे बेसीशहर -७ मनाङे चौतारा बाट विभिन्न सन्देशमूलक नारा लेखिएको प्लेकार्ड सहितको र्यालीको शुरुवात भएको थियो । उक्त र्यालीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहितका कर्मचारीहरु, महिला सञ्जाल र आमा समुहका प्रतिनिधिहरु, जनपद प्रहरी लगायत सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरु गरी करिब जनाको सहभागिता रहेको थियो । उक्त र्याली जिल्ला समन्वय समितिको हलमा आए पश्चात समारोहमा परिणत भएको थियो । उक्त समारोहमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सबैलाई स्वागत गर्दै अभियानको पृष्ठभूमिको र उद्देश्य बारे प्वारप्वाइन्ट प्रस्तुतीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय लमजुङको तर्फबाट २ वटा प्रस्तुतीकरण भएको थियो । पहिलो प्रस्तुतीकरण लैङ्गिक हिंसाको बारेमा परिचय, वर्तमान अवस्था, लैङ्गिक हिंसाका प्रकारहरु, न्यूनीकरणका उपायहरु, कानूनी प्रवन्ध आदिको बारेमा रहेको थियो भने दोश्रो प्रस्तुती साइबर सुरक्षा सम्बन्धमा रहेको थियो । प्रस्तुतीकरण पश्चात नगर प्रमुखले मन्तव्य राख्नु भएको थियो भने उप्रमुखले मन्तव्य सहित करिब २.०० बजे कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रमका सहभागीहरुलाई खाजा पानीको व्यवस्थापन ग्रामीण सामुदायिक विकास केन्द्रको तर्फबाट भएको थियो ।



सचेतनामूलक र्याली पश्चात जि.स.स. हलमा आयोजित अभिमुखीकरण कार्यक्रम

### ४.२ विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताः

अभियानको सन्दर्भमा नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुमा कक्षा ९ वा १० मा अध्ययनरत छात्राहरुको विचमा "प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं" भन्ने राष्ट्रिय नाराकै विषयबस्तुमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । २०८२ मंसिर १२ गते शुक्रबारका दिन जनविकास मावि बेसीशहरमा आयोजित उक्त प्रतियोगितामा कुल ९ वटा विद्यालयका ९ जना छात्राहरुको सहभागिता रहेको थियो । नगर उपप्रमुख पद्मा गुरुङको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जनविकास मावि

बेसीशहरकी छात्रा सजिना आचार्य प्रथम, जनकल्याण मावि उदिपुरकी स्वस्तिका जोशी द्वितिय, सेवा सदन मावि पुरानोकोटकी सदिक्षा तामाङ तृतिय तथा अर्थली प्याराडाइज आवासिय मावि बेसीशहर र अन्नपूर्ण मावि नाल्माका छात्राहरु क्रमशः सुसना उप्रेती र सृष्टि गुरुङ सान्त्वना स्थान प्राप्त गरेका थिए । पुरस्कार राशी क्रमशः ५ हजार, ३ हजार, २ हजार र १/१ हजार रहेको थियो । मूल्याङ्कन समितिमा ३ जना रहनु भएको थियो । सहभागी विद्यालयका प्रतियोगी र शिक्षक/शिक्षिकालाई यातायात खर्चको व्यवस्थापन गरिएको थियो । साथै सबै सहभागीहरुलाई खाजाको व्यवस्थापन गरिएको थियो ।



विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता

## ४.३ साइबर सुरक्षा तथा डिजिटल साक्षरता सम्बन्धी अभिमुखीकरण

बेसीशहर नगरपालिका र नगरस्तरीय महिला सञ्जालको आयोजनामा वडा तथा नगरस्तरीय महिला सञ्जालका प्रतिनिधिहरु तथा आमा समुहका प्रतिनिधिहरुलाई १ दिने साइबर सुरक्षा तथा डिजिटल साक्षरता सम्बन्धी अभिमुखीकरण गरिएको थियो । बेसीशहर नगरपालिकाको सभाहलमा आयोजित उक्त कार्यक्रममा सबै वडाबाट महिलाहरुको सहभागिता रहेको थियो । आयोजक समेत गरी कुल ५२ जना र सहभागी मात्र ४२ जना रहेको उक्त कार्यक्रम नगरस्तरीय महिला सञ्जालका अध्यक्ष मिना रावलको अध्यक्षतामा सम्पन्न भएको थियो । उद्घाटन सत्रमा नगर प्रमुख प्रमुख अतिथि रहनु भएको थियो भने समापन सत्रमा प्रमुख प्रशासकीय अधिकृत रहनु भएको थियो । कार्यक्रममा साइबर सुरक्षा सम्बन्धी कक्षा जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक कृष्ण विश्वकर्माले सहजीकरण गर्नु भएको थियो भने डिजिटल साक्षरता सम्बन्धी कक्षा नगरपालिकाका सूचना प्रविधि अधिकृत निलम श्रेष्ठले गर्नु भएको थियो । यस वर्षको नाराको उद्देश्य पुरा गर्ने प्रयासस्वरुप उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।




साइबर सुरक्षा तथा डिजिटल साक्षरता सम्बन्धी अभिमुखीकरण

**४.३ आत्मरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रमः**

आत्मरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने जिम्मेवारी एकिकृत सेवा कार्यालयलाई परे अनुरुप उक्त कार्यालयले विद्यालयका किशोरीहरुलाई लक्षित गरी जनविकास मावि चण्डीडाँडा, जन विकास मावि बेसीशहर र जिल्ला समन्वय समितिको हलमा गरी ३ स्थानमा आत्मरक्षा सम्बन्धी तालिमको आयोजना गरेको थियो । यस अभिमुखीकरण कार्यक्रमको सहजीकरण जिल्ला प्रहरी कार्यालयबाट भएको थियो । यस तालिममा कुल २४६ जनाको सहभागिता रहेको थियो ।




विद्यालयका किशोरीहरुको लागि आयोजित आत्मरक्षा सम्बन्धी तालिम

### ४.५ सूचनामूलक सन्देश प्रसारण/प्रकाशन तथा परिसम्वाद कार्यक्रम

सञ्चारिका समुह र नेपाल पत्रकार महासंघको सहयोगमा रेडीयो तथा सामाजिक सञ्जालबाट लैङ्गिक हिंसा विरुद्धको अभियानलाई मद्दत पुग्ने खालका सामाग्रीहरु प्रकाशन र प्रसारण भएका थिए । यसै गरी सरोकारवालाहरुबाट अन्तर्वार्ता तथा बाइटहरु लिएर प्रसारण गरिएका थिए । यसले पिन प्रचार प्रसारमार्फत लैङ्गिक हिंसा न्यूनीकरणको लागि सहयोग पुगेको अवस्था हो ।

### ४.६ सेतो रिवन टाँस तथा प्रतिवद्धता पत्रमा हस्ताक्षरः

पहिलो दिनको कार्यक्रमबाट नै सेतो रिवन अभियान शुरु गरिएको थियो । महिला माथि हुने हिंसाको विरुद्धमा पुरुषलाई जागरुक गराउने अभिप्रायले सन् १९९१ मा क्यानडाका केही उत्साहित युवाहरुको प्रयासमा सेतो रिबन अभियानको शुरुवात भएको थियो । हिंसालाई अंग्रेजीमा Violence भनिने Violence को शुरुको अंग्रेजी वर्णमालाको अक्षर V लाई उल्टो बनाउँदा बन्ने आकारमा लगाईने सेतो रिबन महिलामाथि हुने हिंसा अन्त्यका लागि प्रतिवद्धता जनाउँदै यो अवधीभर लगाउने प्रचलन रहेको हुँदा सबै सरोकारवाला निकायका व्यक्तिहरुले अभियान अवधीभर सेतो रिवन टाँस गरेर प्रतिवद्धता जनाएका थिए । साथै म कुनै पनि प्रकारको लैङ्गिकतामा आधारित हिंसा गर्ने छैन र सहने छैन साथै हिंसामा परेकालाई सहयोग गर्नेछु भनेर प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।



**अभियानको क्रममा गरिएका कार्यक्रमहरुको समिक्षा बैठक**

### ५. निश्कर्ष, समापन र हासिल गरिएका उपलब्धीहरुः

लैङ्गिक हिंसा विरुद्धको अभियान-२०८२ विभिन्न कार्यक्रमहरुका साथ सम्पन्न गर्ने सिलसिलामा तय गरिएका कार्यक्रमहरु सवै सम्पन्न भएका छन् ।यस अभियानमा सबै सरोकारवाला निकायहरुको संलग्नता र सहभागिगता अपेक्षित रुपमा प्रभावकारी भएको पाइएको छ ।अभियानको अन्तिम दिन अर्थात २०८२ मंसिर २४ गतेका दिन सबै सरोकारवाला निकायहरुका विचमा अभियानका सन्दर्भमा सञ्चालन गरिएका कार्यक्रमहरुको समिक्षा गरिएको थियो ।

राम्रो पक्ष तथा सुधार गर्नुपर्ने पक्षमा पनि सहभागीहरुबाट विचारहरु आएका थिए र ती विचारहरुलाई निर्णयमा सुरक्षित रुपमा राखिएको छ ।समग्रमा देहायका उपलब्धीहरु हासिल भएका छन् ।

**देहायः**

१. सरोकारवालाहरुलाई लैंगिक हिंसा न्यूनीकरणको सन्दर्भमा जानकारी हासिल गराईएको छ ।

२. प्रविधिको सही उपयोग मार्फत लैङ्गिक हिंसा रोकथाम र नियन्त्रण गर्ने प्रयास गरिएको छ ।

३. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा न्यूनीकरणमा सहयोग पुगेको महशुस गरिएको छ ।

४. बालिका र महिलाहरुको सशक्तिकरणमा टेवा पुगेको छ ।

५. लैङ्गिक हिंसा न्यूनीकरणको लागि चेतनास्तर बृद्धिमा मद्दत पुगेको छ ।

**(समाप्त)**